# फालेलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७७/०७८ मिति : २०७७/०५/१२
च. नं.: १९८ १ नं. प्रदेश, नेपाल

**कोरोना संक्रमण नियन्त्रणका सम्बन्धमा फालेलुङ गाउँपालिकाको निर्णय**

अर्को व्यवस्था नभएसम्मका लागि कोरोना संक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि फालेलुङ गाउँपालिकाले गरेका देहाय बमोजिमका निर्णयको पूर्ण परिपालना गर्न गराउनका लागि सम्पूर्ण गाउँबासीहरुमा अनुरोध गरिन्छ ।

देहाय :

- ✓ खाद्यान्न, औषधीजन्य, इन्धनजन्य तथा निर्माण सामग्रीजस्ता अत्यावश्यक वस्तुहरु ढुवानीका लागि मात्र एक वडाबाट एक दिनमा एक वटा सवारी साधन गाउँपालिका बाहिर जान र आउन दिने ।
- ✓ त्यस्ता मालबाहक सवारी साधनमा चालक र सहचालक गरी दुई जना बाहेक अरु कसैलाई पनि सवार हुन नदिने ।
- ✓ यात्रुबाहक सवारी साधन चलाउन पूर्ण रुपमा प्रतिबन्ध लगाउने ।
- ✓ सवारी साधन वा पैदल जुनसुकै माध्यमबाट गाउँपालिकादेखि बाहिर जान वा गाउँपालिका प्रवेश गर्न निषेध गर्ने ।
- ✓ औषधी उपचार तथा मृत्युजन्य संस्कारका लागि भने वडाको सिफारिसका आधारमा आवश्यक शर्तका अधीनमा रही गाउँपालिका बाहिर जान तथा आउन अनुमती दिइने ।
- ✓ गाउँपालिकाभित्र कुनै मेला, पर्व, महोत्सव, भोजभतेर तथा जमघट हुने कुनै पनि कार्यक्रम हुन नदिने ।
- ✓ पसलहरुमा भौतिक दूरी कायम गरी सावधानीपूर्वक खरिदबिक्री गर्ने ।
- ✓ वडा क्षेत्रभित्र शैक्षिक संस्थाबाहेकका संघसंस्थाका भवन वा सार्वजनिक स्थलमा क्वारेन्टाइन निर्माण गर्ने ।
- ✓ पहिलो चरणमा गाउँपालिकाभित्रका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, भाडाको सवारी साधनका चालक, सहचालक, मानिसहरुको जमघट हुने विभिन्न संघसंस्था तथा पसलका कर्मचारी र कामदार, संक्रमणको शंका लागेको कुनै पनि व्यक्ति लगायतको सूची बनाई यथाशीघ्र उनीहरुको पि.सि.आर. गराउने ।
- ✓ पूर्ण सतर्कता तथा सावधानी अपनाई गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट दिइने सेवालाई निरन्तरता दिने ।
- ✓ उल्लिखित सबै व्यवस्थाहरु जिल्ला कोरोना संकट व्यवस्थापन समिति (DCCMC), पाँचथरको निर्णयका अधीनमा रही गर्ने ।

२०७७/५/१२
रुद्र कुमार केरुङ
अध्यक्ष